# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# पाँचपोखरी गाँउपालिका
# सिन्धुपाल्चोक




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।
(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

# गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।
(Provide Independent and Quality Audit Service to the Nation)

# मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश**

पत्र संख्याः २०७८।७९ मितिः२०७९।३।२४

च.नं.६८५

श्री अध्यक्षज्यू,
पाँचपोखरी थाङपाल गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।०७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७६/७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट् सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

### प्रादेशिक लेखापरीक्षण निर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७८।७९

च.नं.६८१ मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
पाँचपोखरी गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक ।

**कैफियत सहितको राय**

हामीले तहा पालिकाको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२ करोड १३ लाख १५ हजार बेरुजू देखिएको छ। सो मध्ये प्रतिक्रियाबाट रु.१ करोड ७१ लाख ३१ हजार बेरुजु फछ्र्यौट् भई रु.४१ लाख ८५ हजार बेरुजु बाँकी रहेको छ। बाँकी बेरुजु मध्ये असुल गर्नुपर्ने रू. ४० लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ लाख ५२ हजार र पेश्की रू.३१ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ५ करोड. २७ लाख ७९ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू रु.४१ लाख ८५ हजार समेत हालसम्मको अद्यावधिक बेरुजू. रु.५ करोड ६९ लाख ६४ हजार रहेको छ ।गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. पाँचपोखरी गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

# पाँचपोखरी थाङपाल गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६/७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । सिन्धुपाल्चोक जिल्ला स्थित यस पालिकाको वडा संख्या ८, पालिका सभा सदस्य ४४, जनसंख्या २०९७८ जना र क्षेत्रफल ५३६ वर्ग किलोमिटर रहेको छ ।

**स्थानीय सञ्चितकोषः** सुत्रबाट तयार भएको म.ले.प.फा.२७२ मा संचितकोषको प्राप्ति तर्फको रकम नदेखिएको तथा अन्य प्राप्ती रकम मात्र देखिएकोले अर्थिक वर्ष २०७६/०७७ को स्थानीय संचित कोषको आय व्यय एकीकृत विवरण देहाय अनुसार रहेको छ ।

| आयतर्फ | | | खर्च तर्फ | | |
|---|---|---|---|---|---|
| सि नं | शिर्षक | रकम | सि नं | शिर्षक | रकम |
| १ | **गत वर्षको अल्या** | | १ | **चालुतर्फ** | |
| १.१ | संचितकोष | ४७५३८०२० | १.१ | पालिका चालु | १०२९०६६२५.७५ |
| १.२ | धरौटी | १७६२६३ | १.२ | सशर्त चालु | ११८३१५७४३.६ |
| १.३ | अन्यकोष | ४७४९४७ | १.३ | प्रदेश सशर्त | ७४९२२४९.२४ |
| २ | **आन्तरिक आम्दानी** | | १.४ | | |
| २.१ | सिफारिस दस्तुर तथा अन्य | ७९१३९३१ | २ | **पुजिगततर्फ** | |
| २.२ | अन्य | ७७३७७३ | २.१ | पालिका पुजीगत | १३०९६३३८६.४ |
| ३ | **संघ सरकाबाट प्राप्त** | | २.२ | संघिय सरकार पुजीगत | ७७०५०६८.६१ |
| ३.१ | समानीकरण | ११९९००००० | २.३ | प्रदेश पुजीगत | २९९१९०५० |
| ३.२ | सशर्त | १४६६७३००० | | | |
| ३.३ | समपुरक | ० | ३ | जि स स बाट प्राप्त | १२४०९२८१ |
| ३.४ | विशेष | २००००००० | ४ | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम | २७९९३० |
| ४ | **प्रदेश सरकाबाटबाट प्राप्त** | | ५ | पर्यटन वोर्ड आयोजना | ३५०००० |
| ४.१ | समानीकरण | ९८१५००० | ६ | द्वण्द प्रभावित सहायता रकम | २१०००० |
| ४.२ | सशर्त | ३७९६८००० | ७ | प्रसासकीय भवन निर्माण सुधार | २०००००० |
| ४.३ | समपुरक | ० | ८ | **अन्य कार्यक्रमतर्फ** | |
| ४.४ | विशेष | ० | ८.१ | स्थानीय पूर्वाधार साझेदारी विकास | ८७३५००० |
| ५ | **जि स स बाट प्राप्त** | २८०००००० | ८.२ | प्रदेश पूर्वाधार साझेदारी | ८९२४७११ |
| ६ | **स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम** | २७९९३० | ८.३ | सामाजिक सूरक्षा | ७८१३६२६६ |
| ७ | पर्यटन वोर्ड आयोजना | ३५०००० | ८.४ | गरिवसँग विश्वेश्वर | ४९५००० |
| ८ | दण्द प्रभावित सहायता रकम | ४८०००० | ८.५ | राष्ट्रीय पंजीकरण विभाग | १५०८००० |
| ९ | प्रसासकीय भवन निर्माण सुधार | २०००००० | ८.६ | संचित विदा | ३१४३८८ |
| १० | **बाँडफाँडबाट प्राप्त** | | ८.७ | औषधी उपचार | ५३४६८१ |
| १०.१ | संघीय सरकारबाट | ५९१४९८४५ | ८.८ | पर्यटन पुर्वाधार आयोजना | २५००००० |

| आयतर्फ | | | खर्च तर्फ | | |
|---|---|---|---|---|---|
| सि नं | शिर्षक | रकम | सि नं | शिर्षक | रकम |
| १०.२ | प्रदेश सरकारबाट | १७५७०६२१ | | | |
| १०.३ | मालपोत कार्यालयबाट | ६३४७०८ | ९ | **कोषहरु तर्फ** | |
| ११ | **अन्य कार्यक्रमतर्फ** | | ९.१ | कर्मचारी कल्याण कोष | ६९५०५२.१८ |
| ११.१ | स्थानीय पूर्वाधार साझेदारी विकास | ८७३५००० | ९.२ | विपद व्यवस्थापन कोष | १९८८४१८.८ |
| ११.२ | प्रदेश पूर्वाधार साझेदारी | ८९२४७११ | ९.३ | प्रकोप व्यवस्थापन कोष | १०८९५२२१.८४ |
| ११.३ | सामाजिक सूरक्षा | ७८१३६२६६ | १० | **धरौटी** | ८८०५५०. |
| ११.४ | गरिबसँग विश्वेश्वर | ४९५००० | ११ | **बैक मौज्दात** | |
| ११.५ | राष्ट्रीय पंजीकरण विभाग | १५०८००० | ११.१ | संचितकोष | ८०२७८११३.९७ |
| ११.६ | संचित विदा | ३१४३८८ | ११.२ | धरौटी | ३७७८३०९ |
| ११.७ | औषधी उपचार | ५३४६८१ | ११.३ | कर्मचारी कल्याण कोष | ९३२२८१.०२ |
| ११.८ | पर्यटन पुर्वाधार आयोजना | २५००००० | ११.४ | विपद व्यवस्थापन कोष | ७९७६८४.२ |
| १२ | **कोषहरु तर्फ** | | ११.५ | प्रकोप व्यवस्थापन कोष | १०७७७४४.४९ |
| १२.१ | कर्मचारी कल्याण कोष | ११८२२८७ | | | |
| १२.२ | विपद व्यवस्थापन कोष | २००१००० | | | |
| १२.३ | प्रकोप व्यवस्थापन कोष | ७६५११६४ | | | |
| १३ | **धरौटी** | ३३४२२२१ | | | |
| | जम्मा | ६१५०२२७५६.९ | | जम्मा | ६१५०२२७५६.९ |

## लेखापरीक्षणबाट देखिएको व्यहोराहरु

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

उल्लिखित आर्थिक कारोबारको लेखापरीक्षण ऐन २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०७८ अनुसार नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमको अधिनमा रहि कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम लगायतका कागजात तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन प्रतिनिधित्व पत्र समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा कार्यालयबाट पेश प्रतिक्रिया सम्बन्धी असुल, कागजात-प्रमाण आदिबाट कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

१. **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी हिसाब अद्यावधिक गर्नुपर्दछ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | आ व २०७६।७७ मा अल्या गरेको |
|---|---|---|---|---|
| १ | संचित कोष खाता | ६५८३९९६।०० | ६८८५७४२४।०० | ८०२७८११३.९७ |

२. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- यस वर्षको खर्च तथा आम्दानीका कारोबार सम्बन्धमा पालिकाको आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फर्छयौट् गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको इ टीडिएस गरेको पाइएन।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख)२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. २ करोड ११ लाख ४२ हजार खर्च लेखेको पाईयो ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३. | **पदाधिकारी सुविधा –** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार बागमती प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ बैशाख ३ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्वन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधा रु.१११३०७१।०० खर्च लेखेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>४.</td><td>बढी दरमा बैठक भत्ताः स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को अनुसूची-१ क मा गाउँपालिकाको पदाधिकारीहरुले बैठक भत्ता बापत रु.१००० मात्र पाउने व्यवस्था भएकोमा निम्न गो.भौ.बाट कार्यालयले प्रतिबैठक रु.१५०० का दरले भूक्तानी दिएकाले प्रति बैठक बढी भूक्तानी करकट्टी पछिको रु.४२५ को दरले सम्बन्धितबाट असुल हुनुपर्दछ। रु.
<table>
<tr><th>गो.भौ.</th><th>बैठक</th><th>जम्मा पदाधिकारी\कर्मचारी</th><th>जम्मा बैठक संख्या</th><th>जम्मा बढी भूक्तानी</th></tr>
<tr><td>३६</td><td>वडा नं.३ बैठक</td><td>८</td><td>३२</td><td>१३६००</td></tr>
<tr><td>३७</td><td>वडा नं.२ बैठक</td><td>८</td><td>२८</td><td>११९००</td></tr>
<tr><td>३८</td><td>वडा नं.८ बैठक</td><td>७</td><td>२६</td><td>११०५०</td></tr>
<tr><td>३९</td><td>वडा नं.५बैठक</td><td>६</td><td>६</td><td>२५५०</td></tr>
<tr><td>४०</td><td>वडा नं.१ बैठक</td><td>७</td><td>१४</td><td>५९५०</td></tr>
<tr><td>३४</td><td>कार्यपालिका बैठक</td><td>विभिन्न</td><td>९६</td><td>४०८००</td></tr>
<tr><td>५२</td><td>वडा नं.८ को बैठक</td><td>७</td><td>२८</td><td>११९००</td></tr>
<tr><td>६०</td><td>वडा नं.४बैठक</td><td>७</td><td>३२</td><td>१३६००</td></tr>
<tr><td>१५२</td><td>वडा नं.२ बैठक</td><td>६</td><td>१२</td><td>५१००</td></tr>
<tr><td>१५३</td><td>वडा नं.३ बैठक</td><td>८</td><td>३२</td><td>१३६००</td></tr>
<tr><td>१५५</td><td>वडा नं.६ बैठक</td><td>९</td><td>३३</td><td>१४०२५</td></tr>
<tr><td>२०३</td><td>वडा नं.७ बैठक</td><td>८</td><td>४७</td><td>१९९७५</td></tr>
<tr><td>२०४</td><td>वडा नं.१ बैठक</td><td>७</td><td>१४</td><td>५९५०</td></tr>
<tr><td>२२०</td><td>योजना अनुगमन समिति</td><td>१०</td><td>८५</td><td>३६१२५</td></tr>
<tr><td>२२४</td><td>वडा नं.३ बैठक</td><td>८</td><td>१६</td><td>६८००</td></tr>
<tr><td>२२७</td><td>वडा नं.५ बैठक</td><td>६</td><td>१२</td><td>५१००</td></tr>
<tr><td>२२८</td><td>वडा नं.६ बैठक</td><td>८</td><td>१६</td><td>६८००</td></tr>
<tr><td>२३०</td><td>विपन्न नागरिक उपचार सिफारिश समिति</td><td>४</td><td>२७</td><td>११४७५</td></tr>
<tr><td>२८४</td><td>वडाको बैठक भत्ता</td><td>७</td><td>५६</td><td>२३८००</td></tr>
<tr><td>३११</td><td>वडा नं.१ बैठक</td><td>८</td><td>३९</td><td>१६५७५</td></tr>
<tr><td>३२०</td><td>कार्यपालिका बैठक</td><td>२१</td><td>८२</td><td>३४८५०</td></tr>
<tr><td colspan="4">जम्मा बढी भूक्तानी रु.</td><td>३११५२५</td></tr>
</table></td><td>३११५२५</td></tr>
<tr><td>५.</td><td>कार्यक्रम योजना तयार नगरकोः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) मा सरकारी खर्च सम्बन्धी कार्यविधि अन्तर्गत सरकारी निकायबाट कुनै तालिम, सेमिनार, कार्यशाला, गोष्ठी आदि सञ्चालन गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ। यस्तो स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, सेमिनार, कार्यशाला, गोष्ठी आदि सम्पन्न भईसकेपछि कार्यक्रम अनुरुप भए, नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा विल भर्पाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निम्न कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको लागत अनुमान तयार तथा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नगराएको र कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन समावेश गरेको नपाईएकाले यस तर्फ ध्यान दिन जरुरी छ ।
<table>
<tr><th>गो. भौ.</th><th>खर्च शिर्षक</th><th>भूक्तानी रकम</th><th>कार्यक्रम</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२</td><td>पाँचपोखरी म्याराथुन प्रतियोगिता</td><td>९०००००</td><td>तेस्रो पाँचपोखरी हाफ म्याराथुन प्रतियोगिता</td></tr>
<tr><td>१८०</td><td>पाँचपोखरी क्रिकेट प्रतियोगिता</td><td>३०००००</td><td>क्रिकेट प्रतियोगिता</td></tr>
<tr><td>२१६</td><td>पाहुना हाम्रो साथी कार्यक्रम</td><td>२०००००</td><td>खाना, खाजाबापत</td></tr>
<tr><td>२५४</td><td>सामुदायिक मेलमिलाप केन्द्र गा.पा.स्तरीय</td><td>४५००००</td><td>अन्तर्किया कार्यक्रम</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६.</td><td>पाँचपोखरी खेलकुद प्रतियोगिताः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा सरकारी कार्यालयले खर्च लेख्दा कारोबारको पुष्ट्याई हुने आवश्यक कागजात, बिल, भर्पाई, प्रमाण सहित खर्च लेख्नु पर्ने व्यवस्था छ। कार्यालयले पाँचपोखरी म्याराथुन प्रतियोगिता संचालन गरेको भनि गो.भौ.२ बाट जम्मा रु.९ लाख खर्च लेखेको छ। तर कार्यालयले सो संचालन गर्नुपूर्व कार्यक्रम योजना तयार नगरी रेस अफिसियल प्रशिक्षक खर्च, प्रचारप्रसार खर्च, विभिन्न फ्लेक्स डिजाईन, प्रमाण-पत्र, ट्रफी खर्च, माउण्ट शेर्पा ट्राभल एण्ड टुरिज्म प्रा.लि.लाई भाडा भूक्तानी रु.४२६०१० गरेको छ। खेलकुद प्रतियोगिता २०७६ श्रावण ३० गते भएको भनि खेलकुद विकास समितिले कार्यक्रम सम्पन्न पत्रमा उल्लेख गरेतापनि कार्यक्रममा कति जना खेलाडीहरु सहभागी भए, पुरस्कार वितरण के-कति संख्यामा भए, माउण्ट शेर्पा ट्राभल एण्ड टुरिज्म प्रा.लि.को भाडा भूक्तानी के बापत हो, सम्झौता नरहेकाले कार्यक्रम खर्च विवरण प्रष्ट भएन।कार्यालयले नियमानुसार कार्यक्रम योजना तयार तथा स्वीकृत गरी योजना अनुरुप कार्यक्रम खर्चमा पारदर्शिता अपनाई खर्च भूक्तानी गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>७.</td><td>बिल, भर्पाईः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा सरकारी कार्यालयले खर्च लेख्दा कारोबारको पुष्ट्याई हुने आवश्यक कागजात, बिल, भर्पाई, प्रमाण सहित खर्च लेख्नु पर्ने व्यवस्था छ। खेलकुद विकास समितिले शिर्षकबाट तेस्रो पाँचपोखरी ट्रेल हाफ म्याराथुन प्रतियोगिता २०७६ श्रावण ३० गते सम्पन्न गरेको भनि गो.भौ. २०७, विविध खर्च शिर्षकबाट प्रकाश लामालाई रु.२२५००० भूक्तानी दिएको छ। तर सो भूक्तानी के बापत हो, आवश्यक बिल, भर्पाई पेश नभएकाले प्रमाणित बिल, भर्पाई पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्दछ।रु.</td><td>२५००००</td></tr>
<tr><td>८.</td><td>बिल, भर्पाई अपुगः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा सरकारी कार्यालयले खर्च लेख्दा कारोबारको पुष्ट्याई हुने आवश्यक कागजात, बिल, भर्पाई, प्रमाण सहित खर्च लेख्नु पर्ने व्यवस्था छ। कार्यालयले ८ वडामा सामुदायिक मेलमिलाप अन्तरक्रिया कार्यक्रम संचालन गरेको कार्यक्रमको प्रतिवेदनको आधारमा गो.भौ.२५४ बाट सामुदायिक मेलमिलाप केन्द्रलाई रु.४५०००० भूक्तानी गरेकोमा पेश गरेको बिल, भर्पाईको जोडजम्मा रु.४२८९२० मात्र रहेकाले अपुग बिल, भर्पाईको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ। रु.</td><td>२१०८०</td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९. | **कार्यक्रममा दोहोरो सुविधाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ मा सरकारी कार्यालयले खर्च लेख्दा व्यक्तिलाई दोहोरो सुविधा भूक्तानी नहुने गरी एवं नियमानुसार मात्र खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ। कार्यालयले न्यायमा पहुँच सम्बन्धी तालिम कार्यक्रम ८ वटै वडामा जम्मा ८ दिन संचालन गरेको भनि गो.भौ.२८३ बाट कार्यक्रम खर्च भूक्तानी भएको छ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।<br>• कार्यक्रममा सहभागिता जनाउन उपाध्यक्ष श्री सुनिता अधिकारीको मिति २०७६।०९।१३ देखि २०७६।९।२२ सम्म भ्रमण बिल भूक्तानी भएकोमा ३ दिन भन्दा बढीको भ्रमण आदेश आफैले स्वीकृत गरेको नियमसंगत देखिएन।<br>• कानूनी सहजकर्ता श्री अनिता श्रेष्ठलाई सोही कार्यक्रममा सहभागी हुन भनि रु.८७०० भ्रमण खर्च उपलब्ध गराईएकोमा भ्रमण आदेश स्वीकृत नभएकाले नियमसंगत देखिएन।<br>• प्रमुख प्रशासकिय अधिकृतले उक्त कार्यक्रम संचालन गरेको भनि कक्षा संचालन तथा कार्यपत्र बापत रु.११२०० भूक्तानी लिएकोमा सोही कार्यक्रममा सहभागी हुन भनि स्वीकृत भ्रमण आदेश बिना नै पुनः रु.११६०० भूक्तानी लिएकाले एउटै कार्यक्रममा दोहोरो भूक्तानी भएको खर्च निजबाट असुल हुनुपर्दछ। रु. | ११६०० |
| १०. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३२ जना कर्मचारीहरु करारमा राखी रु. ९९ लाख ३६ हजार खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३ (८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। सो बिपरीत पालिकाले सहायक स्तर चौथो देखि अधिकृत स्तर छैठौसम्म करारमा नियुक्ती गरेको छ। प्रदेश लोकसेवा आयोगमा रिक्त दरबन्दिको माग पठाई योग्यता प्रणालीको आधारमा कर्मचारी नियुक्ती गरिनु पर्दछ । | |
| ११. | **बैठक भत्ता** - बागमती प्रदेश अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको दिन देखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले पदाधिकारी सुविधा सम्बन्धी ऐनमा प्रति बैठक रु १०००।०० को दरले बैठक भत्ता भुक्तानी लिनु पर्नेमा रु १५००।०० को दरमा भुक्तानी लिएकोले बढि भुक्तानी भएको रु ३६६५००।०० सम्बन्धित पदाधिकारीहरुबाट असूल गर्नु पर्दछ । रु. | ३६६५०० |

| सि नं | भौ नं, मिति | बैठकको नाम | सहभागि संख्या | भुक्तानी रकम | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| १ | ६९३।२०७७।३।२१ | राजश्व शाखा | उपाध्यक्ष समेत १४ | ४५००० | १५००० |
| २ | ६९४।२०७७।३।२१ | अनुगमन समिति | अध्यक्ष समेत ३१ | ५७००० | १९००० |
| ३ | ६८०।२०७७।३।१९ | अनुगमन समिति | उपाध्यक्ष समेत ३० | ४५०००० | १५०००० |
| ४ | ६५७।२०७७।३।१६ | प्रगति प्रतिवेदन तयारी समिति | अध्यक्ष समेत २१ | १६८००० | ५६००० |
| ५ | ४४९।२०७७।१।१८ | प्रतिवेदन तयारी समिति | अध्यक्ष समेत १६ | ८५५०० | २८५०० |
| ६ | ४७०।२०७७।१।३१ | जेष्ठ नागरिक सम्मान | अध्यक्ष समेत १६ | ५२५०० | १७५०० |
| ७ | ४८१।२०७७।२।५ | वडा नम्बर ४ को बैठक भत्ता | वडा अध्यक्ष समेत ७ जना | ७३५०० | २४५०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ४५७।२०७७।१।२९ | वडा नम्बर ८ को बैठक भत्ता | वडा अध्यक्ष समेत ७ जना | ३१५०० | १०५०० |
| ९ | ४५९।२०७६।१।२९ | वडा नम्बर ६ को बैठक भत्ता | वडा अध्यक्ष समेत ९ जना | ७६५०० | २५५०० |
| १० | ४६१।२०७७।१।२९ | वडा नम्बर ५ को बैठक भत्ता | वडा अध्यक्ष समेत ८ जना | ६०००० | २०००० |
| | जम्मा | | | | ३६६५०० |

१२. **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ

पालिकाले प्रोत्साहन भत्ता सम्बन्धि कार्यबिधि बनाएता पनि कार्यविधीमा हाजिरीलाई मात्र कार्यसम्पादनको आधार लिएको छ । कोरोनाको कारण देखाई म्यानुअल हाजिरीको आधारमा बितरण गरिएको भत्तालाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता भन्न मिल्ने देखीएन। कार्यविवरण, कार्यक्षमता, कामप्रतिको उत्सुकता, सेवाप्रवाहमा निष्ठा, ईमान्दारीता, शिघ्रता लगायतको आधारहरु कार्यविधिमा समावेश गरी सो बमोजिम कार्य सम्पादनको सूचकहरु निर्धारण गरेर मात्र भत्ता बितरण गर्नु पर्दछ ।पालिकाले यो वर्ष कर्मचारीलाई निम्नानुसार रु.२२ लाख ८३ हजार २ सय ६२ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। गाउसभाले बजेट बिनियोजननै नगरेको अवस्थामा कन्टिन्जेन्सीबाट भत्ता बितरण गर्नु उचित देखिएन ।

आर्थिक बर्ष २०७८।७९ बाट यस किसिमको भत्ता बितरण रोकिएको पालिका प्रमुखले जानकारी गराउनु भएको छ ।

| सि नं | भौ नं ,मिति | रकम | खर्च शिर्षक |
|---|---|---|---|
| १ | २५८।२०७७।३।२९ | ६१६३०३ | पूजिगत |
| २ | २६१।२०७७।३।२९ | ८७६६ | पूजिगत |
| ३ | १८४। | ३२४६९७ | चालु |
| ४ | २२९। | २७३५४८ | चालु |
| ५ | ३५८।२०७६।११।०२ | २४५४४८ | चालु |
| ६ | ३५९।२०७६।१११०२ | ८१४५०० | चालु |
| | जम्मा | २२८३२६२ | |

१३. **स्वकीय सचिव र सल्लाहकार** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर पालिका प्रमुखको सचिवालयमा काम गर्ने गरी एक कम्प्यूटर अपरेटर र एक कार्यालय सहयोगि करारमा नियूक्ती गरी रु. ५९९१७०।०० भुक्तानी गरेको छ । स्वीकृत दरबन्दि नभएको अवस्थामा कार्यपालिकाले थप दरबन्दी स्वीकृत गर्नु कानुन सम्मत देखिएन ।

१४. **वैदेशिक भ्रमण** – ४१५।२०७७।२।११ दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ। यस पालिकाका देहाएका पदाधिकारीको बैदेशिक भ्रमणमा रु. ४८००००।०० खर्च भएको देखिन्छ ।

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>नाम</th><th>पद</th><th>भ्रमण गरेको देश</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>ङिमा छिरिङ तामाङ</td><td>३ नम्बर वडा अध्यक्ष</td><td>ईटली</td><td>२४००००।००</td></tr>
<tr><td>२</td><td>सुवास तामाङ</td><td>अध्यक्ष पाँचपोखरी पर्यटन प्रबर्धन समिति</td><td>ईटली</td><td>२४००००।००</td></tr>
</table>
यसरी वैदेशिक भ्रमाणमा खटाउँदा नियम उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारको स्वीकृत लिईएको देखिएन । भ्रमण खर्च लेख्दा स्वीकृत भ्रमण आदेश र भ्रमण बिल पेश गरेको छैन । भुक्तानी भौचरसाथ संलग्न गरिमा भोयज ट्राभल्स एण्ड टुर्स प्रा.लि. (६०६९०७७७६) को क्यास क्रेडिट बिलको आधारमा रु ३ लाख २० हजार भुक्तानी भएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा २० हजार भन्दा बढिको भुक्तानीमा मुल्य अभिबृद्धि कर बिजकको आधारमा मात्र रकम भुक्तानी गर्नु पर्दछ । तसर्थ नियममा तोकेको व्यवस्था विपरीत खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । साथै पालिकाको पदाधिकारी तथा कर्मचारी नरहेका श्री सुवास तामाङलाई भुक्तानी भएको रकम असूल गर्नु पर्दछ।रु.</td><td>२४००००</td></tr>
<tr><td>१५.</td><td>खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र खर्च शिर्षक नम्बर २२७११ बाट रु. ४५ लाख ३८ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>योजना संचालन तथा पुँजीगत खर्च</td><td></td></tr>
<tr><td>१६.</td><td>योजना छनौट — स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक,वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर,आम्दानी र रोजगार बढ्ने,स्थानीय बासिन्दाको सहभागिता जुटने,स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,सबै वर्गलाई प्रत्यक्ष लाभ पुग्ने,लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>योजना कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी ५ लाख भन्दा घटिका ८४ साना साना र टुक्रे योजनामा रु १ करोड ८० लाख ५२ हजार बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>ठेक्काको लगत – सार्वजनिक निकायले ठेक्का बन्दोबस्त गरि निर्माण गरेको कार्यहरुको विवरण स्पष्ट देखिने गरी ठेक्का अभिलेख खाता महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । यस कार्यालयले यस वर्ष कुनै पनि ठेक्का व्यवस्थापन नभएकोमा गत विगत वर्ष ठेक्का व्यवस्थापन गरेका योजनहरुको स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको ढाँचामा ठेक्का अभिलेख राखेको पाईएन । जसबाट एक</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भन्दा बढी रनिङ बिल भुक्तानी तथा बहुवर्षीय योजनाको एकीकृत भुक्तानी अभिलेख प्राप्त हुन सकेन । तसर्थ तोकिएको ढाँचामा ठेक्का अभिलेख राख्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ । | |
| १९. | **हेभी इक्विपमेण्टको प्रयोग —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| २०. | **जटिलसंरचना निर्माण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका अन्य भवन, खानेपानी टंकी लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| २१. | **सडक नाली तथा बायो-इञ्जिनियरिङ्ग –** सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत/सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू-क्षय रोक्नका लागि बायो-इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन। केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो-इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू-क्षय तथा भू-स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखत पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ । | |
| २२. | **माटो र चट्टान काट्ने कार्यको अनुपात** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नम्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (**Soil & Rock cutting Ratio**) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ । कार्यालयले उक्त आधारहरु बेगरै क्रस सेक्शन ड्रइङ्ग समेत नराखी स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो । कार्यालयबाट सञ्चालित मोटरबाटो योजनाहरुमा नरम तथा कडा चट्टान ३ देखि ५० प्रतिशतसम्म राखेको पाइयो। प्राविधिक पुष्टयाइँ तथा आधार र क्रस सेक्शन ड्रइङ्ग बेगर लागत बढी पर्ने आईटममा बढी अनुपात राखी भुक्तानी गर्दा लागत वृद्धि हुने अवस्था देखिएको छ । यस किसिमको परिपाटीमा सुधार हुनुपर्दछ । | |
| २३. | **अधुरा आयोजना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले निर्माण कार्य शुरुवात भई सम्पन्न हुन नसकेका अधुरा योजनाहरुको अभिलेख राखेको छैन । अधुरा योजनाहरुको अभिलेख व्यवस्थित गरी यथाशिघ्र कार्यान्वयन गर्नु पर्दछ । | |
| २४. | **नदीजन्य पदार्थ तथा प्राकृतिक श्रोतः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यवस्था छ । साथै प्रदेश आर्थिक ऐन २०७७ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

जमिनबाट सँकलन गर्न ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गरी अनुसूची ९ अनुसारको दरमा विक्री गर्न सक्ने र निजि जग्गामा प्राप्त हुने ढुंगा तथा माटो अन्य व्यक्तीलाई विक्री गर्दा समेत पालिकाको स्वीकृत लिई तोकीए बमोजिकको दरमा शुल्क तिर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा उपभोक्ता समितिले ढुङ्गा खरिद गरेको देखिने प्रमाण संलग्न रहेको छैन् । उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरेको देखिन्छ। नमुना छनौट गरेका योजनाहरुका उपभोक्ता समितिबाट पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क वापतको देहाय अनुसारको रकम रु.५७४०५८।०० आम्दानी भएको देखिएन। अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| भौ नं | योजनाको नाम | कार्य | परिमाण | दर | रोयल्टी वापत रु |
|---|---|---|---|---|---|
| १२ | पेमाथाङ्ग खेलमैदान निर्माण | ग्याविन | ६८० | ३९४ | २६७९२० |
| | | ड्राई वाल | १२० | ३९४ | ४७२८० |
| ११ | नागीडाँडा थाम संरक्षण | वाल | १०९ | ३९४ | ४२९४६ |
| ७ | लागर्चे मावि पूर्वाधार निर्माण | वाल | ८६ | ३९४ | ३३८८४ |
| १९ | देवीस्थान खेलमैदान निर्माण | ग्याविन | २४० | ३९४ | ९४५६० |
| | | वाल | ५६ | ३९४ | २२०६४ |
| १० | गुन्सा खेलमैदान | वाल | १६६ | ३९४ | ६५४०४ |
| | **जम्मा** | | | | **५७४०५८** |

२५. **पि.पि.सि. सिमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै उपभोक्ता समितिसँग भएको सम्झौतामा समेत कार्यालयले तोके भन्दा फरक गुणस्तरमा कार्य गरेमा कार्यालयबाट भुक्तानी नहुने उल्लेख छ । कार्यालयले देहायका योजनामा ओ.पि.सि. सिमेन्टको प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले पि.पि.सि. सिमेन्ट खरिद गरी प्रयोग गरेको मू.अ.कर बिजक समावेश गरेकोमा समेत कार्यालयले लागत अनुमानकै दरमा भुक्तानी गरेको छ । जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.८४० (मू.अ.कर बाहेक) र पि.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.७०० (मू.अ.कर बाहेक) रहेको छ । जसबाट एकातर्फ तोकिएको गुणस्तर बमोजिमको कार्य भएको छैन भने अर्कोतर्फ प्रति बोरा रु.१५८.२० (मू.अ.कर समेत) का दरले बढी भुक्तानी भएको छ । तोकिएको गुणस्तरमा कार्य नभएको अवस्थामा यसले निर्माण कार्यको दिगोपनामा असर गर्ने देखिन्छ । नमुना छनौट गरिएका तपसिल बमोजिमको योजनामा तोकिए भन्दा फरक गुणस्तरको निर्माण सामाग्रीको प्रयोग भएको अवस्थामा समेत लागत अनुमान कै दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ।रु. ६६४४४

| गो.भौ. | योजनाको नाम | उ.स.बाट खरिद गरिएको विलका सिमेन्टको सप्लायर्स | उ.स.बाट खरिद विलअनुसार सिमेन्ट बोरा संख्या | बढी भुक्तानी |
|---|---|---|---|---|
| प्रदेश ह ५ | टासी छयोलिङ्ग गुम्वा पूर्वाधार निर्माण | सन्तोषि हार्डवयर ३०३८६८७६० | १०० | १५८२० |
| संघ ह १६ | वाल नवजिवन सामुदायिक भवन | श्रीदेवी हार्डवेयर प्रालि ६०६५१५९७७ | ८० | १२६५६ |
| सघ १० | गुन्सा खेलमैदान | श्रीदेवी हार्डवेयर प्रालि ६०६५१५९७७ | २४० | ३७९६८ |
| | | **जम्मा** | ४२० | ६६४४४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| २६. | **सडक हेरालु खर्च** – यस पालिकामा केही सडकहरु ग्राभेल भएका र अधिकांश सडकहरु कच्ची तथा सडक स्तरउन्नती गरी चौडा गर्ने कार्य भईरहेको देखिन्छ। पालिकाले निर्माणाधिन तथा निर्माण सम्पन्न भएका सडकहरु प्रत्येक वर्ष एक्साभेटर लगाई तथा उपभोक्ता समितिमार्फत सरसफाई तथा मर्मत गर्ने गरेको पाईयो । तरपनि पालिकाले विभिन्न सडकहरुको रेखदेख गर्न तथा अन्य प्रयोजनका लागि चनौटे पाल्चोकी माई नागीडाँडा सडक लगायतका २ वटा सडकहरुमा २०७६ श्रवणदेखि रु.७२० को दरले ६ जना सडक रेखालुहरु राखि यस वर्ष रु.१४,१२,६४०।०० खर्च लेखेको छ । सडकको सामान्य रेखदेख तथा मर्मत कार्य पालिकाले स्वयम तथा उपभोक्ता समितिमार्फत गरी रहेकै अवस्थामा सडक हेरालु राखि खर्च लेख्दा निजहरुले गरेको कार्य प्रगतिसमेत केही देखिएको छैन। पालिकाको आन्तरिक आम्दानी न्युन रहेको अवस्थामा संघ तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदानबाट यस्ता प्रकृतीका कार्यमा खर्च गर्दा प्रशासनीक व्यभारमात्र बढने देखियो ।अतः यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| २७. | **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । सभाबाट यस वर्ष फर्निचर तथा फिक्चर्समा आन्तरिक श्रोत तर्फ रु.५० लाख र राजस्व बाँडफाँडतर्फ रु.२ लाख ५० हजार गरी रु.५२ लाख ५० बजार विनियोजन गरेकोमा पालिकाले पटक पटक गरी रु.४३३४८३५।०० को सामान सोझै खरिद गरेको छ । यसरी खरिद गर्दा सुजिता एण्ड सम्पदा फर्निचर उद्योग लगायतसँग दुई पटक गरेर रु ९३०७२२ भन्दा बढिको सोझै खरिद गरेको छ । पालिकाले खरिद नियमावलीमा भएको व्यवस्था अनुसार प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्नेमा सोझै खरिद गरेको र एकै आपूर्तकबाट एक पटक भन्दा बढि सोझै खरिद गरेकोले नियमसम्मत देखिएन।साथै सोझै खरिदको सम्बन्धमा कानुन अनुसार खरिद प्रकृया अवलम्बन नभएको सम्बन्धमा पटक-पटक कैफियत औंल्याईएता पनि नगरसभाबाट नियमित गरी बेरुजु फछ्र्यौट् गरिने परम्परालाई नियन्त्रण गर्नुपर्दछ। | |
| २८. | **अनुसन्धान तथा विकास खर्च –** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको योजनाहरुको डिपीआर निर्माण कार्य परामर्शदाताबाट गराई रु ३१ लाख ६६ हजार ७२१ खर्च गरको छ ।परामर्श सेवाको लागत अनुमान तयार गर्न नर्म्स समेत स्वीकृत गरेको देखिएन । | |

| S.N. | NAME OF PROJECT | DPR Cost | Total Project Cost |
| --- | --- | --- | --- |
| 1 | Master Plan of Rural Municipality Building | 1,700,000.00 | 101,586,030.06 |
| 2 | Mude patale khanepani aayojana | 488,725.00 | 30,553,858.88 |
| 3 | Thapa muhan khanepani aayojana | 348,605.00 | 17,088,416.02 |
| 4 | Ward No. 7 office building | 299,450.00 | 7,474,268.90 |
| 6 | Okhreni lagarche Sadak | 329,941.00 | |
| | Total | 3166721.00 | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| २८.१. | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुंजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । संघ तथा प्रदेशका निकायहरुबाट कार्यान्वयन हुने योजनाहरुको सोहि निकायले डिपीआर गर्ने हुँदा पालिका समेतबाट गर्दा दोहोरो पर्ने तर्फ ध्यान दिएको छैन।<br><br>डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । सडक, खानेपानी, भवन लगायत समान प्रकृतिका योजनाहरुको एक प्याकेज बनाई प्रतिस्पर्धाको आधारमा परामर्श सेवा खरिद गर्नु पर्दछ । | |
| २९. | **मौजुदा सुची** – सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ क बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा ४, दफा ४१ को उपदफा १ को खण्ड क र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपुर्तीकर्ता, निर्माण व्यवसायि, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १० को उपदफा २ बमोजिम योग्यताको आधारमा छुट्टाछुट्टै सुची तयार गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले उपरोक्त अनुसार मौजुदा सुची तयार गरेको देखिएन। जसबाट योग्यता नपुगेको तथा क्षमता नभएकोबाट गुणस्तरिय सेवा प्रवाह नहुन सक्ने अवस्था देखिएकोले पालिकाले तोकीए अनुसार मौजुदा सूची तयार गरी खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३०. | **च्यो च्यो मोटरबाटोः** पालिकाले च्यो च्यो मोटरबाटोमा ढुङ्गा बिछ्याउने कार्यको लागि रु ४३४५९३।६० खर्च गरेको छ । सो मध्ये ढुङ्गा खरिदमा रु १८७९०२।०० खर्च देखाएको छ । उक्त कार्यको स्थलगत अवलोकन गर्दा बाटो निर्माण स्थलमै पर्याप्त ढुङ्गाहरु रहेकोले ज्याला खर्च मात्र पाउने देखिन्छ । तसर्थ ढुङ्गा खरिदको समेत मुल्यांकनमा समावेश गर्ने मुल्यांकनकर्तालाई जिम्मेवार वनाई उक्त रकम असूल गर्नु पर्दछ ।रु | १८७९०२ |
| |   | |
| ३१. | **गुन्सा संग्रालय भवनः** गुन्सा संग्रालय भवन निर्माणमा पालिकाले रु २५ लाख १६ हजार १०९ खर्च गरेको कार्य सम्पन्न प्रतिबेदनबाट देखिन्छ ।उक्त भवनको स्थलगत अवलोकन गर्दा सङ्ग्रालय सञ्चालनमा आएको देखिएन। संग्रालयको प्रयोजनको लागि भनि निर्माण गरिएको भवनमा दाउरा भण्डारण गरेको देखियो। तसर्थ सामाजिक लाभ लागत बिश्लेषण गरि प्रतिफलयुक्त आयोजनामा मात्र लगानी केन्द्रित गर्नु पर्दछ । भवन निर्माण भए अनुसार प्रयोगमा ल्याउनुपर्दछ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| |   | |
| ३२. | **गाँउपालिका प्रवेशद्धारः** सवारी साधनमा बिनियोजित रकमलाई रकमान्तर गरी गाँउपालिका प्रवेशद्धार निर्माणमा रु ४० लाख खर्च लेखांकन भएको छ । भुक्तानी रकम मध्ये गजुर निर्माणमा मात्र रु ५ लाख खर्च भएको देखिन्छ । गजुर निर्माणको लागि स्वीकृत नर्म्सको आधारमा दर बिश्लेषण नगरी एकमुष्ठ एक कार्य भनि लागत अनुमान भएको देखियो । सार्बजनिक खरिद ऐन नियम बमोजिम स्वीकृत नर्मसको आधारमा लागत अनुमान तयार गरेको प्रमाण पेश गर्नु पर्दछ।जुन कार्यको लागि सभाले वजेट स्वीकृत गरेको हो सोहि कार्यमा खर्च गर्नु पर्दछ । | |
| ३३. | **खरिद व्यवस्थापनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। सो विपरित हाल पालिका सञ्चालन भई रहेको भवन परीसरमा घेराबार तथा ढुङ्गा छाप्ने कार्यलाई बोलपत्र नगरी सिलबन्दी दरभाउपत्रबाट खरिद गर्ने उद्देश्यले २० लाख भित्रका २ प्याकेज बनाई खरिद व्यवस्थापन गरेको देखियो । बोलपत्रद्धारा खरिद व्यवस्थापन गरेको नयाँपालिका भवनमा लागत अनुमानको तुलनामा १६.९५ प्रतिशत घटिमा सम्झौता भएको छ । सो अनुपातमा पुरानो भवन स्तरोन्नति कार्यमा रु ६२२८९८।०० बढि व्ययभार पर्न गएको छ ।कार्यालयले ऐन तथा नियमावलीमा व्यवस्था भए अनुरुप खरिद कार्य सम्पन्न गर्नुपर्दछ। | |

| सि नं | योजनाको नाम | लागत अनुमान | सम्झौता | घटि प्रतिशत | बढि व्ययभार |
|---|---|---|---|---|---|
| १ | गाउपालिका भवन अतिरिक्त कार्य | १८६१९५५ | १८६०२०५ | ०.०९ | ३१३९२५ |
| २ | गाउपालिका भवन कम्पाउण्डवाल | १९९५९१३ | १९७०४९२ | १.२७ | ३०८९७३ |
| | **जम्मा** | | | | **६२२८९८** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३४. | **गाईपाईले गुन्सा सडकः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सो विपरित गाईपाईले गुन्सासडकलाई ३ प्याकेज बनाई निर्माण कार्य गर्दा निम्नानुसार रु १३९६३१९।०० थप व्ययभार पर्न गएको छ । पहिलो बोलपत्रदातासग भेरिएसन स्वीकृत गराएर सम्झौता बमोजिम ४८.६४ प्रतिशत न्यून दरमा थप काम गराउनु पर्नेमा सो बिपरित न्यून कबोल गर्ने बोलपत्रदाताको भेरिएसनबाट रु १०१७७०५।०० को काम घटाई रु ७४४०७६।०० को मात्र कार्य सम्पन्न प्रतिबेदन तयार गरी सोहि बमोजिम भुक्तानी भएको छ । तसर्थ न्यून कबोल गर्ने बोलपत्रदाताबाट काम नगराएको कारण बढि व्ययभार पर्न गएको रकम असूल गर्नु पर्दछ ।रु | १३९६३१९ |

| सि नं | खरिद बिधि | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता | घटि प्रतिशत | बढि व्ययभार |
|---|---|---|---|---|---|---|
| १ | बोलपत्र | डाँडा कटेरी चन्डेश्वरी निर्माण सेवा | १६५७१७३५ | ८४६१७८१ | ४८.९३ | ० |
| २ | सिलबन्दि दरभाउपत्र | यस निर्माण सेवा | १४९०४५२ | १४८६५८१ | ०.२६ | ७२३५१९ |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>३</td><td>समिति</td><td>उपभोक्ता समिति</td><td>२००००००</td><td>२००००००</td><td>१५<br>ओभरहेड</td><td>६७२८००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१३९६३१९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५.</td><td>दनुवारटोल पहिरो नियन्त्रणः दनुवार टोल पहिरो नियन्त्रण कार्यको लागि रु ४ लाख भुक्तानी भएकोमा लेखा अधिकृतले योजनाको लागि ३ लाखमात्र वजेट विनियोजन भएको अवस्थामा ४ लाख भुक्तानी गर्न नमिल्ने राय दिएता पनि ४ लाख नै खर्च लेखेको देखियो । स्वीकृत बजेट भित्र रही खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>३६.</td><td>समितिले निर्माण व्यवसायीबाट कार्य गराएकोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम निर्माण व्यवसायीबाट गराउन नपाउने व्यवस्था छ ।कुनै कारणवस समितिले सम्झौता बमोजिमको काम गराउन नसक्ने भएमा सार्वजनिक निकायलाई सूचना दिनु पर्ने र सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन नियम बमोजिम कार्य गराउनु पर्ने व्यवस्था छ । सो विपरीत निम्न कार्य समितिसग सम्झौता भएकोमा समिति आफैले कार्य नगरी निर्माण व्यवसायी मार्फत कार्य गराएकोमा कार्यालयले भुक्तानी गरेको छ । नियममा व्यवस्था भए बमोजिम यस्तो अवस्थामा उपभोक्ता समितिसँग भएको सम्झौता तोडि प्रतिस्पर्धाको आधारमा खरिद व्यवस्थापन गर्नु पर्नेमा समितिले प्रतिस्पर्धा बेगर काम लगाएको निर्माण व्यबसायिको बिल बमोजिमको रकम भुक्तानी गर्ने कार्य नियम र सम्झौता बिपरीत देखियो ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि नं</th><th>भौचर नम्बर, मिति</th><th>समिति\योजना</th><th>समितिको निर्माण व्यवसायी</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>२७।२०७७।२।१५</td><td>गाङखर्क बाङदाङ मोटरबाटो</td><td>नेपालभूमी कन्स्ट्रक्सन ६०४२६४०२२</td><td>१००००००।००</td></tr>
<tr><td>२</td><td>२९।२०७६।९।९</td><td>थाम डाडा मोटर बाटो</td><td>योन्जन निर्माण सेवा ६११७९७००३</td><td>९५००००।००</td></tr>
<tr><td>३</td><td>२३०।२०७७।३।२६</td><td>डाले भञ्याङ याङग्री सडक</td><td>कपिल निर्माण सेवा ७०७१५२९७८</td><td>१२८१८७७।००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>३२३१८७७।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७.</td><td>नन्फाइलर – २९।२०७६।९।९, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत योन्जन निर्माण सेवालाई रु १०९२९२।०० मूल्य अभिबृद्धिकर भुक्तानी गरेकोमा आन्तरीक राजश्व बिभागको वेभसाईटबाट खोजि गर्दा उक्त निर्माण व्यवसायी २०७६।७७ देखि ननफाईलर रहेकोले भुक्तानी भएको मूल्य अभिबृद्धिकर दाखिला भएको प्रमाण पेश गर्नु पर्दछ ।रु</td><td>१०९२९२</td></tr>
<tr><td>३८.</td><td>नन्फाइलर – २३।२०७६।८।२५, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले मामा भान्जा कन्स्ट्रक्सन (६०५६०६७८४) लाई लप्से नाँगिडाडा ओखेनी सडकको रु ३७२७०५।०० मूल्य अभिबृद्धिकर समेत भुक्तानी गरेकोमा आन्तरीक राजश्व बिभागको वेभसाईटबाट खोजि गर्दा उक्त निर्माण व्यवसायी २०७६।७७ देखि ननफाईलर रहेको बिल पनि केरमेट गरि पेश गरेकोले भुक्तानी भएको मूल्य अभिबृद्धिकर रु ४२८७७।०० दाखिला भएको प्रमाण पेश गर्नु पर्दछ ।रु</td><td>४२८७७</td></tr>
<tr><td>३९.</td><td>बढि भुक्तानीः ९६।२०७७।२।१, ग्यालदार खस्रे सर्माथाङ सडक निर्माण उपभोक्ता समितिले १२१ घण्टा डोजर सञ्चालन र ईन्धन वापत रु १० लाख भुक्तानी लिएको देखिन्छ । सफ्ट स्वायल सफ्ट रकको कार्यको लागि कार्यपालिकाले ईन्धन सहित बढिमा प्रति घण्टा रु ५५००।०० मात्र भुक्तानी दिन मिल्ने निर्णय गरेको</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | छ । सो बमोजिम १२१ घण्टाको रु ६६५५००।०० मात्र भुक्तानी हुनु पर्नेमा बढि भुक्तानी भएको रु ३३४५००।०० असूल गर्नु पर्दछ ।रु | ३३४५०० |
| ४०. | **समितिसँग सम्झौता आपूर्तकलाई भुक्तानीः** पालिकाले बिभिन्न समितिहरुसँग सम्झौता गरी समितिहरुले खरिद गरेको बिल बमोजिमको रकम श्री देवि ट्रेड एण्ड सप्लायर्सलाई भुक्तानी गरेको छ । यसरी रकम भुक्तानी गर्न लागत अनुमान नखुलाई लोकप्रिय समाचार दैनिकमा सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन गरी पालिकासग सम्झौता गरिएका उपभोक्ता समितिहरुलाई निर्माण कार्यमा आवश्यक सामग्रीहरु आपूर्ति गर्ने शर्त सहितको सम्झौता भएको छ। लागत अनुमान नखुलाई बोलपत्रको सूचना प्रकाशन गर्न तथा समितिसग सम्झौता गरी आपूर्तकलाई रकम भुक्तानी गर्न कानुनी आधार देखिएन । | |

| सि नं | भौ नं, मिति | समिति संख्या | भुक्तनी रकम |
|---|---|---|---|
| १ | १४८।२०७७।२।२७ | २० | १५९२८९२ |
| २ | १४९।२०७७।२।२७ | २३ | १३६०८९६ |
| | | जम्मा ४३ | २९५३७८० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४१. | **जिपिएस प्रतिबेदनः** जिपिएस ट्र्याक रुट निर्माण कार्य वापत पाँचपोखरी थाङपाल पर्यटन प्रबर्धन समितिलाई रु ७ लाख भुक्तानी भएको छ। उक्त कार्यको प्रतिबेदन तयार गरी पेश गर्नु पर्दछ । | |
| ४२. | **फलफूल विरुवाः** यस पालिकाले बिभिन्न प्रकारको फलफूलको विरुवा खरिद तथा रोपणमा निम्नानुसार रु १५६०६३२।०० खर्च गरेको छ। रोपिएका बिरुवाहरुको संरक्षण र प्रतिफल प्राप्तिको सम्बन्धमा पालिकाले अनुगमन गरी अभिलेख राखेको छैन। तसर्थ बोट बिरुवा रोपणमा भएको खर्चको प्रभावकारीता र नतिजा प्राप्तीको अभिलेख पेश हुनु पर्दछ । छलफलको क्रममा अनुगमन निरिक्षण प्रभावकारी वनाई खरिद गर्ने संस्था तथा पदाधिकारीसंग समन्वय गरी रोपिएका विरुवाहरुको संरक्षण गरिने पालिकाको पदाधिकारीहरुले प्रतिबद्धता जनाउनु भएको छ। बिरुवा संरक्षण भई फल प्राप्त हुने सुनिश्चित नगरी यस किसिमको खर्च गर्नु उचित देखिएन । | |

| सि नं | भौ नं, मिति | बिरुवाको नाम | परिमाण | रकम |
|---|---|---|---|---|
| १ | ६२५,७०९।२०७७।३।२२ | टिमुर | ६८५० गोटा | ५५०००० |
| २ | ७०९।२०७७।३।२२ | अलैचि | १८००० गोटा | ४७५००० |
| ३ | ६७३।२०७७।३।१८ | कागति, सुन्तला, जुनार, कफि | २२२५७ गोटा | ५३५६३२ |
| | | **जम्मा** | | **१५६०६३२** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४३. | **बढि दरमा खरिदः** पालिकाले भौचर नम्बर ६२५।२०७७।३।९ मा १८५० गोटा टिमुरको बिरुवा प्रतिगोटा रु ५४।०५ को दरले रु. १ लाखमा खरीद गरेको छ । तर भौचर नम्बर ७०९।२०७७।३।२२ मा ५००० बिरुवा प्रतिगोटा रु ९० को दरले रु. ४ लाख ५० हजारमा खरिद गरेको छ । स्पेसिफिकेसन नखुलाई रु.३५।९५ बढि दरमा खरिद गर्दा रु.१७९७५०।०० बढि भुक्तानी भएको छ।खरिद गरिएको बिरुवा संरक्षण तथा रोपण भएको प्रमाण पेश गरी बढि भुक्तानी रकम खरिद गर्ने कर्मचारीबाट असूल गर्नु पर्दछ ।रु | १७९७५० |
| ४४. | **बढि भुक्तानीः** कार्यपालिकाको २०७७।३।४,५,७ र १५ मा बसेको बैठकमा कुल ८४ जनामात्र उपस्थित रहेको देखिएकोमा ४९२ जनालाई खाजा खाना चिया खुवाएको भनि रु १०५०००।०० भुक्तानी भएकोले ४०८ जनाको बढि खर्च लेखेको रु ८७०८३।०० असूल गर्नु पर्दछ । रु | ८७०७३ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४५. | **कर बिजकः** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु २० हजार भन्दा बढिको खरिद गर्दा मूल्य अभिबृद्धिकरमा दर्ता भएकोसँग मात्र खरिद गर्नु पर्ने व्यवस्था छ । ५९५।२०७७।३।८ मा पालिकाले म्याराथुन प्रतियोगिताको लागि खेलाडी सम्मान तथा टिसर्ट बितरण कार्यको लागि १६८ थान टिसर्ट रु ११७६००।०० मा खरीद गरेकोमा मूल्य अभिबृद्धिकर बिजक पेश गरेको छैन । मुल्य अभिबृद्धिकरमा दर्ता नभएका ६ वटा टुक्रा बिलको आधारमा भुक्तानी भएको रकम नियमित देखिएन । | |
| ४६. | **सार्वजनिक सुनुवाईः** पालिकाले सार्बजनिक सुनुवाईमा रु. ५ लाख खर्च गरेको छ । उक्त खर्च मध्ये सिन्धु एफ एमलाई रु ४ लाख २८ हजार भुक्तानी भएको छ ।प्रतिबेदनमा उल्लेख भएका निम्न व्यहोराहरुमा पालिकाले सुधार गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| | • कर्मचारीहरु सेवाग्राहि मैत्रि नभएको<br>• बिद्यालयमा शिक्षक अनुपस्थित रहने गरेको<br>• यर्सागुम्बा संकलन व्यवस्थित नभएको<br>• कृषि लगायतको अनुदान पहुँचवालाले मात्र पाउने गरेको आदि | |
| ४७. | **लिजा मुल्यांकनः** पालिकाले स्थानिय तह संस्थागत क्षमता स्वमूल्यांकनमा ५२.५ प्रतिशत अंक प्राप्त गरेको छ । | |
| ४८. | **अवलोकन भ्रमणः** ४५२।२०७६।१०।०१ पालिकाले उत्पादनमूलक र प्रतिफलमुखी कार्यक्रमहरु मात्र सञ्चालन गर्नु पर्दछ । यस पालिकाले ईलाम, चितवन लगायतको स्थानमा कृषि अध्ययन अवलोकन भ्रमण गरी रु ४ लाख खर्च गरेको छ । यस किसिमको खर्चमा नियन्त्रण गरी किसानहरुलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरुमा स्रोत साधन केन्द्रित गर्नु पर्दछ । | |
| ४९. | **शिक्षक अभिलेख खाताः** शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६ मा सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले नियमावलीमा व्यवस्था भएबमोजिमको शिक्षकको विद्यालयगत दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण आदीको अभिलेख राखेको पाईएन । जस कारण दरबन्दी भन्दा बढी तथा शिक्षकको तलब दोहोरो निकाशा हुन सक्ने देखिन्छ । तसर्थ नियमाबलीको परिपालना गरि शिक्षक सम्बन्धी अभिलेखको उचित व्यवस्थापनमा ध्यान जानुपर्ने देखिन्छ । | |
| ५०. | **निकासा अभिलेख खाताः** पालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्दछ । त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । पालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ । | |
| ५१. | **अनुदानबाट शिक्षक तलब -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका तथा विद्यालयले नीजि श्रोतमा राखेको शिक्षकलाई संघ तथा प्रदेश सरकारको अनुदान तथा राजस्व बाँडफाँड रकमबाट रु.५६९३१५०।०० तलब भत्ता निकासा गरेको पाईयो । विद्यार्थी शिक्षक अनुपात तथा शिक्षक दरबन्दी मिलान गरी यस प्रकारका खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५२. | **पाठ्यपुस्तक अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।०७७ को क्रियाकलाप नं.२.४.६.१. मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धि व्यवस्था छ । सो अनुरुप प्रत्येक स्थानीय तहले ईमिस मा प्रबिष्ट तथ्यांकलाइ सम्बन्धित विद्यालयबाट कक्षागत बिद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गराइ सत्यापित बिबरण शिक्षा अधिकृतबाट प्रमाणीत गरी सोका आधारमा आवश्यक कक्षागत तथा बिषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पाठ्यपुस्तक अनुदान दिनु पर्ने व्यबस्था रहेको छ । यस वर्ष पालिका भित्रका ३० विद्यालयमा पाठ्यपुस्तक अनुदान वापत गौभौ ४८ बाट रु.१३१२८२६ निकासा दिएको छ । विद्यालयले ईमिसमा प्रविष्टी गरेको तथ्यांकका आधारमा निकासा दिएको तोकीए बमोजिक सत्यापन गरेको तथा पाठ्यपुस्तक वितरण सम्बन्धमा पालिबाट अनुगमन समेत गरेको देखिएन । तसर्थ पाठ्यपुस्तक वितरण सम्बन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ । | |
| ५३. | **दिवा खाजा -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।०७७ को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुलाई प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष ३४ विद्यालयमा दिवा खाजा वापतको रकम भनी विद्यालयले उपलब्ध गराएको तथ्यांकको आधारमा गोभौ ५० बाट रु.३६९३१५०।०० उपलब्ध गराएको छ । विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ । | |
| ५४. | **छात्रवृत्ति —** शिक्षा विकास तथा मानव संसाधन विकास केन्द्र सानोठीमिले प्रकाशित गरेको कार्यकम कार्यान्वयन पुस्तिका अनुसार पालिकाले विद्यालयको ई मिस डाटा सत्यापित गरी विद्यार्थिको संख्या यकिन गर्नु पर्दछ। पालिकाले गोश्वारा भौचर नं. ४८ मिति २०७७।२।१३ बाट ३० विद्यालयलाई दलित, सिमान्तकृत र छात्रा छात्रवृत्ति रू.९०१६०० निकासा दिएको छ। पालिकाले छात्रवृत्ति निकासा दिएको रकम विद्यालयले सोही प्रयोजनमा खर्च गरेको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन । पालिकाले विद्यायलय अनुगमन गरी छात्रवृत्ती रकम सम्वन्धित विद्यार्थीले प्राप्त गरेको सुनिश्चित गर्नु पर्दछ। | |
| ५५. | **भकारो सुधार -** पालिकाले ५० प्रतिशत लागत साझेदारीमा भकारो सुधार कार्यक्रम संचालन गरेकोमा गोभौ ११३ मिति २०७७।०३।२३ बाट रु.४७२८० भुक्तानी दिएको छ । तर श्रेस्तामा संलग्न प्राविधिक मुल्यांकन परीक्षण गर्दा समितिले रु.६८५०० को मात्र कार्य गरेको देखिन्छ । जसअनुसार उक्त समितिले रु.३४२५० मात्र भुक्तानी पाउने देखिन्छ । तसर्थ लागत साझेदारी तर्फको रु.१३०३० समेत पालिकाबाट भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ। रु. | १३०३० |
| ५६. | **कृषि अनुदानः** गाउपालिकाले निम्नानुसारका किसान तथा साना व्यवसायीहरुलाई रु २४ लाख ७० हजार अनुदान रकम उपलब्ध गराएको छ । यसरी उपलब्ध गराएको अनुदानको स्वीकृत कार्यक्रम र शर्त बमोजिम उपयोग गरी अपेक्षित उपलब्धी हासिल भए नभएको गाँउपालिकाले अनुगमन गरेको छैन ।साथै अनुदान बितरणको लागि कृषक छनौटको आधार तथा कार्यबिधि समेत पेश भएन । | |

| सि नं | भौ नं | अनुदान पाउने व्यवसायी | अनुदानको बिषय | रकम |
|---|---|---|---|---|
| १ | ५२३,५२७-५३५, ५९६, ६१६-६१८, ७५१,७५२ | निङमार गोले समेत १४ जना | याक चौरी व्यवसाय प्रबर्धन कार्यक्रम | ७०००००।०० |
| २ | ५१०,५४०,६२३ | भिम बहादुर भुजेल समेत ३ जना | मोटर साईकल मर्मत केन्द्र स्थापना | २४००००।०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३ | ५६८,५८७,५८८,५९४,६१३-६१५,६२९,६३४ | पारख गुरुङ समेत ९ जना | यूवा लक्षित व्यवसायिक पशुपालन | ४०००००।०० |
| ५ | ७७१ | देउथा तामाङ | राडि पाखि उद्योग प्रवर्धन | ५००००।०० |
| ६ | ५९९,६४३,६४८,६६९,७०८,७११,७१२,७५३, | नवराज बिष्ट समेत ८ जना | व्यवसायिक मासुपसल सुधार कार्यक्रम | २०००००।०० |
| ७ | ५६१,६६५,७०३ | ईन्द्रबहादुर भुजेल समेत ३ जना | दर्तावाल पानी घट्ट सुधार कार्यक्रम | २०००००।०० |
| ८ | ५६८,६३२,६३५६३७ | कामि तामाङ समेत ४ जना | बाखाको खोर सुधार कार्यक्रम | २०००००।०० |
| ९ | ५४१-५४७ ,५७७,५८९,५९०,६१२,६२८, | छिमि लामा समेत १२ जना | होमस्टे सञ्चालन अनुदान | ३०००००।०० |
| १० | ६४२ | सविता स्वाङवो | पाउरोटि दुनोट आईसक्रिम व्यससाय प्रवर्धन | ८००००।०० |
| ११ | ६७४,७२१७८८ | बाबुराम पौड्याल समेत ३ जना | डेरी प्रबर्धन कार्यक्रम | १०००००।०० |
| जम्मा | | | | २४७००००.०० |

| | | |
|---|---|---|
| ५७. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस स्थानीयले उक्त प्रक्रिया वेगर खर्च शिर्षक नम्बर २७२१३ बाट रु. १८ लाख ४९ हजारका औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्। | |
| ५७.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको। | |
| ५७.२. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । | |
| ५७.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ५७.४. | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | |
| ५७.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए, नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५८. | **पेश्की बाँकी —** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्छ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई बेरुजू नमानिने उल्लेख छ । कार्यालयबाट | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्राप्त विवरण अनुसार देहाय अनुसार पेश्की रकम २०७६।७७ को आर्थिक वर्षको अन्तसम्ममा देहाय अनुसार फर्छ्यौट् नभई बाँकी रहेको देखिन्छ । उक्त बाँकी पेश्की रकम तोकीए बमोजिम असूल फर्छ्यौट हुनुपर्दछ।रु. | ३०६०० |

| भौ.नं. | पेश्की लिनेको नाम | वापत | म्याद ननाघेको रकम | म्याद नाघेको पेश्की |
|---|---|---|---|---|
| २७३ | वल्ड पाईड कन्ट्रक्सन प्रालि | पालिका भवन निर्माण | २००००००.०० | ० |
| १२९ | कुमार बस्नेत | अन्य भत्ता | ० | ३०६००.०० |
| | | जम्मा | **२००००००.००** | **३०६००.००** |

**सामाजिक सूरक्षा**

५९. **लगत अभिलेखः** सामाजिक सुरक्षा नियमावली, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मितिभित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । लाभग्राहीको आफन्त मृत्युदर्ता गर्न आएको अवस्थामा मात्र मृत्यु दर्ता गरी लगत कट्टा गरिने जानकारी प्राप्त भएकोले पालिकाले पेशगरेको विवरण तथा लगत कट्टा अभिलेख व्यवस्थित छ भन्न सकिने अवस्था रहेन । त्यसैगरी लाभग्राही लगतसँग सम्बन्धित व्यक्तिगत सुचना फाईलसमेत तयार भएको देखिएन। तसर्थ पालिकाले यस सम्बन्धमा अनुगमन गरी रकम निकासा भए अनुसार सम्बन्धितले भत्ता बुझेको यकिन गरी लाभग्राही अभिलेख अध्याविधक तथा सुचना फाईल व्यवस्थित गर्नुपर्दछ ।

५९.१. पालिकाको ८ वटा वडाहरुको कुल सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्न रहेको छ ।

| प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | जम्मा वितरण रकम | |
|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २७२३ | २६२३८८०० | २६९६ | २६१७१०६६ | २६३८ | २५४३२००० | ८०५७ | ७७८४१८६६ |

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न रहेको छ ।

- सांमाजिक सुरक्षा कार्यक्रमको बैक नगदी किताव नराखेको ।
- वडाहरुलाई पेश्की भुक्तानी गरी सामाजिक सुरक्षा भत्ता वितरण गरेको ।
- कोष तथा लेखा नियन्त्रण कार्यालयले प्रमाणित गरेको आर्थिक विवरण र पालिकाले उपलब्ध गराएको प्रगति विबरणको खर्च रकम नभिडेको ।
- पेश्की फछ्र्यौट गर्दाको बाँकी रकम बैंक दाखिलाको भौचर पेश नभएको ।
- सामाजिक सुरक्षा कार्यक्रम खर्चको व्यबस्थित अभिलेख नहुदा कूल खर्च यकिन गर्न सकिएन ।

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५९.२. | **भत्ता वितरणः** यस पालिकामा रहेका ८ वडाहरु मध्येमा निम्न वडाहरुको नमुना छनौट परीक्षणमा देखिएका व्यहोराहरु यस प्रकार रहेको छ । | ५३६२०० |

| | निकासा | वितरण | कैफियत |
|---|---|---|---|
| ४ | ११०६७६०० | १०७४२२०० | **(१) प्रथम किस्ताः**<br>**दोहोरो भुक्तानीः**<br>१.जे.ना. पासाङ रिन्छेन तामाङ (ना प्र नं २४८६) रु १२०००।<br>२.जे.ना. कान्छा गाल्देन (ना प्र नं ९७२) रु १२०००।<br>३.जे.ना. लाक्पा डोल्मा तामाङ (ना प्र नं २९२-१०८) रु १२०००।<br>४.वि.म. कान्छी तामाङ(ना नं १०४२)सि.नं १३र१६जन्म मिति पनि एउटै रु १२०००।<br>**जम्मा रु ४८०००।**<br>**(२) दोस्रो किस्ताः**<br>**निकासा रकमः ३८०८०००।**<br>**वितरण भर्पाईः ३५८६६००।**<br>**नपुग रु २२१४००।** मध्ये तेस्रो किस्तामा रु १८१२००। मात्र हिसाब भएकोले नपुग रु **४०२००।** असुल हुनु पर्ने<br>**दोहोरो भुक्तानीः**<br>१.जे.ना. पासाङ रिन्छेन तामाङ (ना प्र नं २४८६) रु १२०००।<br>२.जे.ना. कान्छा गाल्देन (ना प्र नं ९७२) रु १२०००।जन्म मिति एउटै<br>३.जे.ना. लाक्पा डोल्मा तामाङ (ना प्र नं २९२-१०८) रु १२०००।<br>४.वि.म. कान्छी तामाङ(ना नं १०४२)सि.नं १३र१६जन्ममिति पनि एउटै रु १२०००।<br>**जम्मा ४८०००।**<br>**(३) तेस्रो किस्ताः**<br>**दोहोरो भुक्तानीः**<br>१.जे.ना. पासाङ रिन्छेन तामाङ (ना प्र नं २४८६) रु १२०००।<br>२.जे.ना. लाक्पा डोल्मा तामाङ (ना प्र नं २९२-१०८) रु १२०००।<br>**जम्मा २४०००।**<br>**कूल जम्मा रु १६०२००।असुल हुनु पर्ने ।** |
| ८ | १०१३३६०० | ९४६८४०० | **(१) प्रथम किस्ताः**<br>निकासा रकमः३४१८४००।<br>वितरण भर्पाईः ३११०८००।<br>फरक रकमः३०७६००।फिर्ता हुनु पर्नेमा रु २८३६००। मात्र २०७६।७।२६ मा फिर्ता भएकोले नपुग रु **२४०००।** असुल हुनु पर्ने।<br>**(२) दोस्रो किस्ताः**<br>प्रथम किस्तामा मृत्यु जनाएकालाई भुक्तानीः<br>१.जे.ना.भोज बहादुर खड्का (ना.प्र.नं१५७४)जन्म १९९३।१२।३० रु १२०००।<br>१.जे.ना. सोले तामाङ (ना.प्र.नं२२३७) जन्म २००१।१२।३० रु १२०००।<br>**जम्मा २४०००।**<br>प्रथम किस्तामा दोहोरो जनाएकोलाई भुक्तानीः<br>१.वि.म.लिलिमाया गुरुङ (ना.प्र.नं२०७०) रु ८०००।<br>२.जे.ना. सुकु तामाङ (ना.प्र.नं १६२४) रु१२०००।<br>**जम्मा २००००।**<br>**दोहोरो भुक्तानीः**<br>जे.ना.चेडमाई तामाङ(ना.प्र.नं२४१०७५-१७६)**रु१२०००।**<br>**(३) तेस्रो किस्ताः**<br>**दोहोरो भुक्तानीः**<br>१.जे.ना. सुकु तामाङ (ना.प्र.नं १६२४) रु१२०००। |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | | | | २.जे.ना.चेङमाईतामाङ(ना.प्र.नं२४१०७५-१७६) रु१२०००।<br>३.वि.म.लिलिमाया गुरुङ (ना.प्र.नं२०७०) रु ८०००।<br>**जम्मा ३२०००।**<br>पहिलो र दोस्रो किस्तामा मृत्यु जनाएकोलाई भुक्तानीः<br>(१)जे.ना.तारसानी तामाङ(ना.प्र.नं६५६०५)रु १२०००<br>(२)जे.ना.मान कुमारी गुरुङ(ना.प्र.नं२१९४)रु १२०००<br>(३)जे.ना सुकुमाया कामिनी(ना.प्र.न.२०७३)रु १२०००<br>(४)जे.ना सोले तामाङ (नाप्र नं २२३७)रु १२०००<br>**जम्मा ४८०००।**<br>**कूल जम्मा रु १६००००।**<br>(उल्लेखित दोहोरो र मृत्यु जनाएका लाभग्राहीरुको आर्थिक बर्ष २०७७।७८ मा MIS SYSTEM मा दोहोरो तथा मृत्यु भएको भनी लगत कट्टा गरी पालिकाले २०७७।९।४ मा च नं ९५५ बाट मेगा बैंक लिमिटेड पाँचपोखरी शाखालाई खाता बन्द गर्ने पत्र समेत पठाएको) | |
| | ७ | १२२४९००० | १२०४१२०० | **प्रथम किस्ताः**<br>**दोहोरो भुक्तानीः**<br>(१)जे.ना कान्छी तामाङ (ना.प्र.नं.११९)रु१२०००।<br>(२)जे.ना भीम बहादुर गुरुङ (ना.प्र.नं.१०५)रु१२०००<br>(३)जे.ना सर्किनी शेर्पा (ना.प्र.नं.४९१)रु १२०००<br>(४)जे.ना सुकुमाया पुरी (ना.प्र.नं.४७५)रु १२०००<br>**जम्मा ४८०००।**<br>**दोस्रो किस्ताः**<br>**दोहोरो भुक्तानीः**<br>(१)जे.ना कान्छी तामाङ (ना.प्र.नं.११९)रु१२०००।<br>(२)जे.ना भीम बहादुर गुरुङ (ना.प्र.नं.१०५)रु१२०००<br>(३)जे.ना सर्किनी शेर्पा (ना.प्र.नं.४९१)रु १२०००<br>(४)जे.ना सुकुमाया पुरी (ना.प्र.नं.४७५)रु १२०००<br>(५)अति अ.कमिला तामाङ (ना.प्र.नं.१३९५-५९०२८)रु ६४००।<br>**जम्मा रु ५४४००।**<br>**कूल जम्मा रु १०२४००।** | |
| | ६ | १०२४८००० | १०२१२२०० | **प्रथम किस्ताः**<br>निकासाः ३४२४८००।<br>वितरणः <u>३३९५८००।</u><br>२९०००।दाखिला हुनु पर्नेमा रु २७४००। दाखिला भएकोले रु **१६००।**<br>दाखिला हुनु पर्ने ।<br>नागरिकता नम्बर एउटै भएको २ जनालाई भुक्तानी<br>(१)जे.ना.चन्द्र बहादुर खड्का र चन्द्र बहादुर सापकोटा(ना.प्र.नं७३३।९२४) रु१२०००।<br>(२)जे.ना ठूली तामाङ (ना.प्र.नं२४३०७२।३४)रु १२०००।<br>**जम्मा रु २४०००।**<br>**दोस्रो किस्ताः**<br>**दोहोरो भुक्तानीः**<br>(१)जे.ना.चन्द्र बहादुर खड्का र चन्द्र बहादुर सापकोटा(ना.प्र.नं७३३।९२४) रु१२०००।<br>(२)जे.ना ठूली तामाङ (ना.प्र.नं२४३०७२।३४)रु ८०००।<br>**जम्मा रु २००००।**<br>**तेस्रो किस्ताः**<br>**दोहोरो भुक्तानीः** | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | | | (१)जे.ना.चन्द्र बहादुर खड्का र चन्द्र बहादुर सापकोटा(ना.प्र.नं७३३।९२४) रु१२०००।<br><br>**कूल जम्मा रु ५७६००।** |
| २ | | | दोस्रो किस्तामा मृत्यु जनाएको ५ जनालाई तेस्रोमा भुक्तानी रु ५६०००।फिर्ता गर्नु पर्ने<br>(१)कान्छी लमिनी (ना.प्र.नं२२३९१७२४)रु १२०००<br>(२) छिरिङ बुटी तामाङ (ना.प्र.नं १२४६)रु १२०००<br>(३)दावालामो लमिनी (ना.प्र.नं २१७३)रु१२०००।<br>(४) मेन्दो तामाङनी (ना.प्र.नं १९४८)रु१२०००।<br>(५)बास्यु तामाङ (ना.प्र.नं २४७९-१६१९)रु ८०००।<br>**कूल जम्मा रु ५६०००।** |
| | | | **जम्मा** **५,३६,२००।** |

उल्लेखित वडाहरु बाहेक अन्य वडाहरुको पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण संख्या र रकम यकिन गरी फरक रकम दाखिला गर्नु पर्दछ ।

६०. **कोरोना रोकथाम कोषः** विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ लाई नियन्त्रण तथा रोकथामको लागि अर्थ मन्त्रालयको च.नं ६९४ मिति २०७७।१२।२१ को पत्र अनुसार प्रत्येक स्थानीय तहमा कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोष स्थापना गरी सोही कोषबाट खर्च गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले उपरोक्त अनुसारको कोष खडा नगरी प्रकोप व्यवस्थापन कोष मार्फत खर्च गरेको देखियो । कोरोना रोकथाम तथा नियन्त्रणका लागि भएको आम्दानी तथा खर्चको विवरण निम्न अनुसार रहेको छ।

| बजेट स्रोत | आम्दानी | खर्च शिर्षक | खर्च रकम |
|---|---|---|---|
| प्रदेश संचित कोष | १००००००। | राहत वितरण | २९९६१८८। |
| स्थानीय तहको आफ्नै बजेट | ९३६४८४३। | क्वारेन्टाईन निर्माण व्यबस्थापन | २२०८४०३। |
| अन्य स्रोत | ३११२००। | जनशक्ती परीचालन र तथ्यांक संकलन | १३७६२८८। |
| जनप्रतिनिधि र कर्मचारीबाट | १०८४९६४। | औषधि एवं स्वास्थ्य उपकरण | १७५१८७१। |
| | | अन्य खर्च | ३२६५०३। |
| | | मेलम्ची न पा लाई सहयोग | ५०००००। |
| | | पारीश्रमिक | १२००००। |
| | | मास्क कपडा | ६६६५७०। |
| | | मास्क बुनाई ज्याला | ७३७४४०। |
| | | मोज्दात | १०७७७४४। |
| **जम्मा** | ११७,६१,००७।०० | | ११७,६१,००७।०० |

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छ ।

६०.१. **राहत वितरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम खरिद कार्य प्रतिस्पर्धा गराई गर्नु पर्ने व्यबस्था छ ।पालिकाको ८ वटा वडाहरुमा कोभिड संक्रमणबाट प्रभावितलाई राहत वितरण गर्न

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वडा अध्यक्षको नाममा पेश्की दिई राहत वितरण गरेको भनी निम्न बमोजिम पेश्की फछ्र्यौट गरेको देखियो ।फछ्र्यौटको स्रेस्ता परीक्षण गर्दा काठमाण्डैमा बस्ने पालिका बासीहरुलाई दाल, चामल, नून, तेल लगायतका खाद्यान्न सामाग्री खरिद गरी वितरण गरिएको भनिएकोमा वितरण भर्पाईमा खाद्यान्न सामाग्री कति परीमाण र कुन कुन आईटम भन्ने व्यहोरा समेत खुलेको देखिएन ।कतिपय वडाको खाद्यान्न खरिद बील मिति २०७७।१।२५ मा तथा सामान वितरण भएको भर्पाई अगाडीको मिति २०७६।१२।२३ मा भएको देखियो । यस सम्बन्धमा पालिकाबाट यकिन गर्नुपर्दछ। | |

| वडा नं | खर्च रकम | कैफियत |
|---|---|---|
| १ | ५४२६१६। | २४८ परिवार |
| २ | ४६७८११। | २६५ परिवार |
| ३ | १८५८३७। | ८९ परिवार |
| ४ | २६८१२५। | १२५परिवार (खरिदवील फोटोकपी) |
| ५ | २८८१७९। | १३३ परिवार |
| ६ | ३८५८५०।१३ | १८० परिवार |
| ७ | २४५४३३। | १०८ परिवार |
| ८ | ६१४६३७। | २६८ परिवार |
| **जम्मा** | **२९,९६,१८८।** | **१४१६ परिवार** |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **आन्तरिक आय** | |
| ६१. | **रसिद नियन्त्रण खाताः** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आन्तरिक राजस्वको हिसाब पारदर्शी तथा नियन्त्रित राख्न रसिद नियन्त्रण खातामा छपाई भएका रसिदहरुको अभिलेख राख्नु पर्दछ। उक्त अभिलेखमा राजस्व उठाउंने जिम्मेवारी पाएका व्यक्तीलाई बितरण भएको रसिद ठेली र प्रयोग पश्चात बाँकीको र सकिएको रसिद ठेलीहरुको फिर्ता लिई सो बमोजिमको राजस्व यकिन गरि हिसाब राख्नु पर्दछ।पालिकाले राजस्व उठाउने कर्मचारीलाई बुझाएको नगदी रसिद र रसिद बमोजिमको नगद प्राप्त भयो भएन सो को अभिलेख समेत राखेको छैन।रसिदहरुको सही अभिलेख बिना र राजस्व उठाउने व्यक्तिले दैनिक वा मासिक प्राप्त आम्दानी विवरण बेगर बैंक दाखिला भई जम्मा भएको राजस्वको सम्बन्धमा विश्वस्त हुन सकेन। कार्यालयले तोकिए अनुसारको रसिद नियन्त्रण खाताको अभिलेख राखी राजस्वको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ। | |
| ६२. | **राजस्वको लेखाः** स्थानीय सरकार संचालन ऐन २०७४ दफा ६५ बमोजिमको राजस्व परामर्श समिति गठन गरी सोही ऐनको दफा २ अनुसारका कार्यहरु तथा राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श तथा राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमानका कार्यहरु गर्नु पर्ने व्यबस्था छ । यस बर्ष विभिन्न स्रोतबाट रु ३१ लाख २४ हजार आन्तरिक आय बैंक दाखिला भएको देखिन्छ। ८ वडाहरुबाट समेत राजस्व असुल हुने गरेकोमा वडाबाट सिधै बैंक दाखिला भएको रकमलाई नगदी रसिदसंग भिडान नगरी राजस्व असुली देखिने खाता नराखेकोले राजस्वको आम्दानी भिडान गर्ने आधार भएन।तसर्थ राजस्व आम्दानीसंग सम्बन्धित म ले प फारामहरुमा तोकिए बमोजिम अभिलेख राखी राजस्व तथा आयको पारदर्शी अभिलेखांकन हुनु पर्दछ । आन्तरीक लेखापरीक्षकले आन्तरीक आयको रसिदको जोडजम्मा तथा बैंक दाखिला रकम यकिन गर्नु पर्दछ । | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>६३.</td><td>

**राजस्व आम्दानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७(१) बमोजिम प्राप्त हुने राजस्व कार्यालयमा प्राप्त हुने दिन वा सम्भब नभएमा भोलीपल्ट बैक दाखिला गर्नु पर्ने व्यवस्था छ ।पालिका तथा पालिकाको सबै वडाबाट सिफारिस दस्तुर मालपोत लगायत अन्य शुल्क संकलन गरी आन्तरिक स्रोत भनी रु ३१,२४,६०२।७४ ( रु २८,५१,७५३।६१ आर्थिक बर्ष २०७५।७६ को संचित कोषमा दाखिला गर्न बाँकी आम्दानी) समेत गरी रु ५९,७६,३५६।३५ आम्दानी जनाई बैंक दाखिला गरेको देखियो। वडागत आम्दानी विबरण यस प्रकार छ।

<table>
<tr><td>संकलन फाँट</td><td>राजश्व रकम</td></tr>
<tr><td>पालिका आम्दानी</td><td>२२१०४२३।८०</td></tr>
<tr><td>वडा नं १</td><td>११२६००।२५</td></tr>
<tr><td>वडा नं २</td><td>१४१००९।३९</td></tr>
<tr><td>वडा नं ३</td><td>८०८५६</td></tr>
<tr><td>वडा नं ४</td><td>१०५८४०</td></tr>
<tr><td>वडा नं ५</td><td>१४४३४७।३०</td></tr>
<tr><td>वडा नं ६</td><td>११८२५४</td></tr>
<tr><td>वडा नं ७</td><td>८९४६७</td></tr>
<tr><td>वडा नं ८</td><td>१२१८०५</td></tr>
<tr><td>जम्मा</td><td>३१,२४,६०२।७४</td></tr>
</table>

यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन् ।

- रसिद नियन्त्रण खाता प्रमाणित नभएको तथा पालिकाले प्रयोग गरेको नगदी रसिद ठेली नियन्त्रण खातामा उल्लेख नभएको ।
- वितरण भएको नगदी रसिदबाट प्राप्त आयलाई रसिदसंग भिडान नगरी सिधैं बैंकमा जम्मा भएको रकमलाई मात्र आधार मानी आम्दानी जनाएको ।
- वडाहरुका राजश्व उठाउने जिम्मेवारी पाएका कर्मचारीले प्रयोग गरेका नगदी रसिद लेखापरीक्षणको क्रममा आंशिक मात्र पेश भएकोले परीक्षण गर्न सकिएन ।
- दैनिक आम्दानी तथा मासिक आम्दानी विबरण खाता नराखेको, एउटै मितिमा एकै शिर्षकबाट राजश्व आम्दानी गर्दा समेत रसिद प्याडहरु फरक फरक प्रयोग भएको र एक महिनामा प्रयोग भएको रसिद आंशिक मात्र पेश भएको।
- प्रयोग भएको रसिद र प्रयोग नभएको रसिद एकै ठाउमा मिसाएर राखेको र एक प्याडमा २, ३ पाना प्रयोग गरी पुन अर्को प्याड प्रयोग गरेको देखियो ।
- वडाहरुलाई विगतमा बुझाएको नगदी रसिदहरु के कति प्रयोग भए, कति बाँकी छन् यदि बाँकी भएमा बाँकी रसिद पुन प्रयोग गर्ने वा रद्ध गर्ने भन्ने निर्णय र व्यहोरा नराखिकन वडाले माग गरेको आधारमा पुन नयाँ रसिद वितरण गरेको र रसिदको सही प्रयोग भएको र रसिद ठेलीबाट उठेको सवै राजश्व रकम बैंक दाखिला भएको छ भन्नेमा विश्वस्त हुन सकिएन ।

पालिकाले राजश्व शाखाको छुट्टै व्यवस्था गरेपनि राजश्व अभिलेख व्यबस्थित नभएकोले राजश्व उठाउने व्यक्तीलाई थप जिम्मेवारी बनाई आन्तरीक आयको व्यबस्थित र विश्वसनीय लेखा राख्ने तर्फ पालिकाको ध्यान जानु जरुरी छ ।

</td><td></td></tr>
<tr><td>६४.</td><td>

**विपद् व्यवस्थापन कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी

</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरु गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ६५. | **वार्षिक प्रतिवेदन –** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६६. | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |

# पाँचपोखरी गाँउपालिका
## संचित कोष विवरण

*(रु. हजारमा)*

| जिल्ला | स्थानीय तह | गतवर्षको जिम्मेवारी | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय अनुदान | प्रदेश अनुदान | राजस्व बाँडफाँड | आन्तरिक आय | अन्य | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल गाउँपालिका | ४८१८९ | २६६५७३ | ४७७८३ | ७७३५५ | ७९१४ | १६७२०९ | ५६६८३४ | २२८७१५ | १६८५८८ | १३०८५६ | ५२८१५९ | ८६८६४ |

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७६।७७

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५१ | ३१ | २१३१५ | ० | १६ | १७१३० | ५७ | १७ | ४१८५ | ४००२ | ० | १५२ | ० | ० | ४१५४ | ३१ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | स्थानीय तह | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | पाँचपोखरी गाउँपालिका | ५२७७९ | ० | ० | ५२७७९ | ० | ४१८५ | ५६९६४ |